# नेपाल निर्माण व्यवसायी महासंघ

**FEDERATION OF CONTRACTORS' ASSOCIATIONS OF NEPAL(FCAN)**

(An umbrella organization of 7 province, 77 district contractors' assocations and associate members)

46th IFAWPCA NEPAL 2023

# प्रेस विज्ञप्ति

मिति: २०८०/०८/२२

पत्रकार मित्रहरू,

नेपाल निर्माण व्यवसायी महासंघ सन् १९९३ देखि सक्रिय सदस्यको रुपमा आवद्ध एशियाली तथा पश्चिम प्रशान्त क्षेत्रका १८ मुलुकका निर्माण व्यवसायीहरूको अन्तर्राष्ट्रिय छातासंस्था इफाप्का (International Federation of Asian and Western Pacific Contractors' Association) को **४६औं अन्तर्राष्ट्रिय सम्मेलन 'Partnering in Sustainable Infrastructure' भन्ने नारा सहित यही सन् २०२३ नोभेम्बर २१ देखि २५ (वि.स. २०८० मंसिर ५ देखि ९ गते)** सम्म काठमाडौंमा भव्य रुपमा सम्पन्न भएको व्यहोरा सहर्ष जानकारी गराउँदछौं । सम्मेलनको औपचारिक समुदघाटन **मिति: २०८० साल मंसिर ६ गते सम्माननीय राष्ट्रपतिज्यूबाट** भएको थियो भने उदघाटन सत्रमा माननीय मन्त्रीज्यूहरू, सचिवज्यूहरू लगायतको सहभागिता रहेको थियो । त्यस्तै मंसिर ७ गते आयोजना भएको **'Partnering in Sustainable Infrastructure'** इफाप्का फोरमको समुद्घाटन **सम्माननीय प्रधानमन्त्री श्री पुष्पकमल दाहाल प्रचण्डज्यूबाट** भएको अवगत गराउँदछौं । हाल समग्र विश्व नै आर्थिक मन्दीबाट गुज्रिरहेको र त्यसबाट नेपाल पनि अछुतो नरहेको वर्तमान अवस्थामा मुलुकको भौतिक पूर्वाधारको विकासमा अन्तर्राष्ट्रिय लगानी भित्र्याउन ४६ औं इफाप्का सम्मेलन महत्वपूर्ण भएको विश्वास हामीले लिएका छौं । स्वदेश तथा विदेशका गरी करीव ५ सय प्रतिनिधिको सक्रिय सहभागिता रहेका कारण आन्तरिक तथा बाह्य पर्यटनको विस्तारका लागि समेत यो सम्मेलन अत्यन्त फलदायी भएको हाम्रो निचोड छ । यस महासंघले इफाप्काको अध्यक्षता ग्रहण गरेपछि विगत एक वर्षको अवधिमा काठमाडौंमा दुई पटक सहित मंगोलिया र फिलपिन्स भएका फोरममा सरोकारवालहरूबीच विभिन्न सत्रमा घनिभूत छलफलपछि ४६ औं इफाप्काको समापन सत्र १४ बुँदे काठमाडौं घोषणापत्र जारी गर्दै सम्पन्न भएको थियो । सम्मेलन आयोजक नेपाल निर्माण व्यवसायी महासंघले प्रस्तुत गरेको घोषणापत्रलाई सहभागी राष्ट्रहरूले सवसम्मत अनुमोदन गर्नु महत्वपूर्ण उपलब्धी भएको महसुस हामीले गरेका छौं । सम्मेलनमा सहभागी विज्ञहरूले पनि पूर्वाधार क्षेत्रका सबै समसामयीक विषयहरू सम्बोधन गरी काठमाडौ घोषणापत्र जारी हुनुलाई स्वागतयोग्य कदम मानेको जानकारी पत्रकार मित्रहरूलाई गराउन चाहन्छौं । तिनै १४ बुँदे घोषणापत्रलाई आधार मानेर इफाप्काले आगामी दिनमा अन्य फोरमहरू आयोजना गर्न लागेको खबरले पनि हामीलाई गौरवान्वित बनाएको छ ।

## १४ बुँदे काठमाडौं घोषणापत्र

१. दिगो पूर्वाधारले अर्थतन्त्रमा महत्वपूर्ण भूमिका खेल्छ भन्ने कुरा हामी पुन: पुष्टि गर्दछौं । बढ्दो विश्वव्यापी जनसंख्या, द्रुत सहरीकरण र जलवायु परिवर्तनबाट उत्पन्न चुनौतीहरूको सामना गर्न तथा विकासोन्मुख राष्ट्रहरूको वर्तमान र भविष्यका पूर्वाधारका आवश्कयताहरू पूरा गर्न तत्काल दिगो पूर्वाधार निर्माणको क्रमलाई अभिवृद्धि गर्नुको विकल्प नरहेको तथ्यलाई स्विकार गर्दछौं ।

२. प्राकृतिक प्रकोप तथा मानव निर्मित प्रभावहरू (विशेष गरी जलवायु परिवर्तनका प्रभावहरूलाई न्यूनीकरण गर्न जलवायुमैत्री पूर्वाधार सुनिश्चित गर्न) विरुद्ध उत्थानशील पूर्वाधारका संरचनाहरू निर्माण गर्नु आजको आवश्यकता रहेको छ ।

३. पूर्वाधारमा लगानीको आवश्यकता र हालको लगानी बीचमा वित्तिय अन्तर विद्यमान रहेकोछ जुन यस क्षेत्रमा कुल ग्राहस्थ उत्पादनको २ देखि ७ प्रतिशतको दायरामा छ ।

४. दिगो पूर्वाधारका प्राथमिकताहरू तथा क्षेत्रहरू सिमित आर्थिक प्रतिफलभन्दा फराकीलो हुनु पर्दछ । साथै यसले जलवायु, लाभार्थी, आर्थिक, सामाजिक, समानताका मुद्दाहरु तथा प्रविधि लगायतमा पार्ने प्रभावलाई दृष्टिगत गर्दै समग्र परियोजना चक्र र सो सम्बन्धी सकारात्मक तथा नकारात्मक बाह्यतालाई समेत ध्यानमा राख्नु पर्दछ ।

५. हामीले सम्पूर्ण परियोजना चक्रमा ध्यान केन्द्रित गर्न आवश्यक छ । साथै प्रविधि चयनमा परियोजनाको जीवन चक्र मूल्याङ्कनलाई बढावा दिँदै स्मार्ट पानी, यातायात, ऊर्जा, सूचना तथा सञ्चार प्रविधि तथा कार्बन उत्सर्जन गर्ने प्रविधि अपनाउन जरुरी छ ।

६. नयाँ जलवायु मैत्री न्यून कार्बन पूर्वाधार निर्माण गर्न आवश्यक छ । भरपर्दो तथ्यांकको अभाव, जोखिम र अनिश्चितताका कारण जलवायुमैत्री र दिगो एवं उथ्थानशील पूर्वाधार निर्माण गर्न हाल यस क्षेत्रमा व्यवसायिक चुनौतीहरू विद्यमान रहेका छन ।

७. परियोजनाको तयारी, सम्झौताको व्यवस्थापन, कार्यान्वयन, अनुगमन मूल्याङ्कन, गुनासो लगायतमा उत्कृष्ट विश्वव्यापी अभ्यासहरूलाई आत्मसात गरिनु पर्दछ । जीवनचक्र मूल्याङ्कनलाई प्रवर्द्धन गर्नका लागि उत्तम विकल्पहरूको चयन गरिनुपर्दछ ।

८. दिगो पूर्वाधार विकासमा चुनौती तथा अवसरहरुका बिच अन्तरसम्बन्ध रहेका कारण दिगो विकासका लागि सयुक्त राष्ट्र संघको दिगो विकास लक्ष्य (SDG) २०३०, पेरिस सम्झौता तथा आवधिक विश्वव्यापी सम्झौताहरू मार्फत व्यक्त गरिएका लक्ष्यहरू पूरा गर्ने आकांक्षाहरुलाई समर्थन गर्दछौं ।

९. दिगो पूर्वाधार निर्माणमा वातावरणीय सुरक्षा, जलवायु जोखिम र जलवायु जोखिम मूल्याङ्कनका मुद्दाहरूमा दिगोपनलाई अनिवार्य गरिनुपर्छ । EIA, ESG र जलवायु नीति एजेन्डा जस्ता उपकरणहरूको प्रवर्द्धन गरिनुपर्दछ ।

१०. शहरी पूर्वाधारमा विशेष ध्यान दिनु आवश्यक छ । शहरहरू जहाँ धेरै मानिसहरू बस्छन् , जसमा सबैभन्दा बढी कुल ग्राहस्थ उत्पादन हुन्छ, जहाँ सबैभन्दा धेरै रोजगारी प्रदान गरिन्छ, त्यहाँ विश्वव्यापी जलवायु परिवर्तन एजेन्डाको उपलब्धी हासिल हुने वा नहुने निर्क्यौल हुन सक्दछ । हालका सहरहरूलाई जलवायु परिवतनको प्रभावबाट पुन: निर्माण गर्ने, सबलीकरण गर्ने तथा उथ्थानशील बनाउने र स्वच्छ, हरियो, कार्बन तटस्थ तथा वस्न योग्य सहरहरूको प्रबर्द्धन गर्ने कममा नयाँ आवश्यकताहरू र अवसरहरू हुनेछन् (जस्तै बाढी, फ्रिक्वेन्सी र तीव्रता र हालको पूर्वाधारको संरक्षण र तिनीहरूलाई दिगो, उत्थानशील र सान्दर्भिक बनाउने)।

११. दिगो पूर्वाधार निर्माणमा नयाँ र उदीयमान नीतिहरू तथा नयाँ व्यापारका अवसरहरू छन् । त्यसैले पूर्वाधारमा र SDGs र पेरिस सम्झौताको समर्थनमा सोच्ने, योजना बनाउने, निर्माण गर्ने र लगानी गर्ने नयाँ तरिकालाई बढावा दिनु आवश्यक छ ।

१२. ऊर्जा, यातायात, पानी, भवन आदि जस्ता धैरै क्षेत्रहरूमा दिगो तथा हरित पूर्वाधार प्रवंद्धन गर्न नयाँ नीति, कार्यक्रम र नियमहरूलाई विकास गर्नुपर्छ ।

१३. 3Rs को अवधारणा (घटाउने, पुनः प्रयोग गर्ने र रुपान्तरण गर्ने) लाई परिवर्तन गर्दै समष्टिगत रुपमा पुर्नविचार, मर्मत, पुर्नउत्पादन, नवीकरण, पुर्नप्रयोग लगायत वस्तुको चक्रिय अर्थतन्त्रको नवोदित सिद्धान्तलाई दिगो पूर्वाधार निर्माणमा आत्मसात गरिनुपर्दछ ।

१४. यस क्षेत्रका देशहरूबीच ज्ञान, प्रविधि, र वित्तिय अन्तरहरू रहेकाछन् । हामीले आपसमा उपलब्ध ज्ञानको आदानप्रदान गर्ने, संयुक्त उद्यमहरू प्रवर्द्धन गर्ने तथा सबै सम्बन्धित सरोकारवालाहरू सदस्यहरूसंग बलियो साझेदारी निर्माण गर्न आवश्यक छ ।

पत्रकार मित्रहरू,

४६ औं इफाप्का सम्मेलनका क्रममा वितरण गरिएको महत्वपूर्ण अवार्डहरू पनि नेपाली निर्माण व्यवसायीहरूले प्राप्त गरेको अवगत गराउँदछौं । नेपालको निर्माण उद्योगमा विशिष्ट योगदान दिएका कारण दुई हजार अमेरिकी डलर राशीको इहो तियोङ ले (Yeoh Tiong Lay Awards) इफाप्काका अध्यक्ष समेत रहिसक्नु भएका नेपाल निर्माण व्यवसायी महासंघका पूर्व अध्यक्ष गणेशलाल श्रेष्ठलाई प्रदान गरिएको छ । ३ हजार अमेरिकी डलर राशीको (Atsumi Award) दामासाही रुपले (जनही १५ सय) महासंघका मानार्थ सदस्य समेत रहनु भएका पूर्व अध्यक्ष जीप छिरिङ लामा शेर्पा, र महासंघका सल्लाहकार एव पूर्व अध्यक्ष यक्षध्वज कार्कीलाई प्रदान गरिएको छ ।

## उत्कृष्ट निर्माण कम्पनीहरूलाई अवार्ड

इफाप्का सम्मेलनको समापन सत्रमा इफाप्का अध्यक्ष रवि सिंह र महासचिव विरेन्द्रराज पाण्डेले नेपालका उत्कृष्ट निर्माण कम्पनीहरूलाइ पनि सम्मान गर्नु भएको थियो । जस अन्तर्गत सिभिल इन्जिनियरिङ विधामा कालिका कन्स्ट्रक्शन प्रा.लिले गोल्ड अवार्ड जितेको थियो । यसै विधामा सिल्भर अवार्ड जय विष्णु निर्माण सेवा प्रा.लिले हात पारेको थियो । बिल्डिङ कन्स्ट्रक्शन विधामा समानान्तर निर्माण सेवा प्रा. लिले गोल्ड अवार्ड जितेको थियो भने सिल्भर अवार्ड न्यू टेक्निकल इन्फ्रा प्रा. लिले हात पारेको छ ।

## पाँचौं तथा दशौं पटक सम्म इफाप्का सम्मेलनमा सहभागीहरू सम्मानित

दशौं पटकसम्म इफाप्का सम्मेलनमा सहभागी हुनु भएका पूर्व इफाप्का अध्यक्ष गणेशलाल श्रेष्ठ र इफाप्काका महासचिव विरेन्द्रराज पाण्डेलाई इफाप्का अध्यक्ष रवि सिंहले सम्मान गर्नुभयो । पाँचौ पटकसम्म इफाप्का सम्मेलनमा सहभागी महासंघका मानार्थ सदस्य तथा पूर्व अध्यक्ष जीप छिरिङ लामा शेर्पा, निवर्तमान अध्यक्ष विष्णुभाइ श्रेष्ठ, महासचिव रोशन दाहाल, कार्य समिति सदस्य उज्वल गौतम, इफाप्का बोर्ड मेम्बर सुशीलकुमार श्रेष्ठ सहित निर्माण व्यवसायीहरू बसन्तबहादुर चन्द, भीमबहादुर पाल, झकबहादुर गुरुङ, नवराज श्रेष्ठ र मुनेश्वर चौधरीलाई पनि कार्यक्रममा सम्मान गरिएको थियो ।

# नेपाल निर्माण व्यवसायी महासंघ
## FEDERATION OF CONTRACTORS' ASSOCIATIONS OF NEPAL(FCAN)
(An umbrella organization of 7 province, 77 district contractors' assocations and associate members)

46th IFAWPCA NEPAL 2023

पत्रकार मित्रहरू,

यसै सम्मेलन मार्फत् गत एक वर्ष अघिदेखि इफाप्का अध्यक्षको कार्यभार सम्हाली रहनु भएका नेपाल निर्माण व्यवसायी महासंघका अध्यक्ष श्री रवि सिंहज्यूले इफाप्का अध्यक्षको जिम्मेवारी सिंगापुरलाई हस्तान्तरण गर्नु भएको छ । सिंहको कार्यकालमा नेपाल निर्माण व्यवसायी महासंघका सल्लाहकार समेत रहनु भएका श्री वीरेन्द्रराज पाण्डेज्यूले महासचिव र कार्य समिति सदस्य श्री सुशीलकुमार श्रेष्ठज्यूले वोर्ड मेम्वरको भूमिका निर्वाह गर्नु भएको अवगत गराउँदछौ । यसअघि नेपालले २४ वर्ष अघि सन् १९९९ मा अग्रज निर्माण व्यवसायी श्री गणेश लाल श्रेष्ठज्यू इफाप्का अध्यक्ष रहनु भएको समयमा काठमाडौंमा ३० औं इफाप्का सम्मेलन भव्यतापूवर्क आयोजना गरेको थियो । ४६ औं इफाप्का सम्मेलनलाई भव्यतापूर्वक सम्पन्न गर्न सबै सञ्चार माध्यमहरूले गर्नु भएको महत्वपूर्ण सहयोगप्रति महासंघ परिवार विशेष आभार व्यक्त गर्दै आगामी दिनमा पनि यहाँहरूवाट यस्तै साथ सहयोगको अपेक्षा गर्दछ ।

### आज १६ औं राष्ट्रिय निर्माण दिवस

यस महासंघले प्रत्येक वर्ष मंसिर २२ मा राष्ट्रिय निर्माण दिवस मनाउदै आएको पत्रकार मित्रहरूलाई विदितै छ । निर्माण दिवसका दिन महासंघले केन्द्रमा विहान प्रभातफेरी कार्यक्रमको आयोजना गर्दै आएकोमा यस वर्ष नेपाल सरकारबाट सार्वजनिक स्थलहरूमा सभा, समारोह, जुलुश लगायतका कार्यक्रमहरू गर्न गराउन प्रतिबन्ध लगाएको कारण यस वर्षको प्रभातफेरी कार्यक्रम रद्द गरिएको जानकारी गराउँदछौं । निर्माण दिवसकै दिन नियमित गरिँदै आएको रक्तदान कार्यक्रमलाई भने यस वर्ष पनि निरन्तरता दिइएको छ । साथै महासंघले आजै महासंघ परिसरमा आयोजित एक कार्यक्रममा हालै पश्चिम नेपालमा आएका विनाशकारी महाभूकम्पमा परी अत्यधिक क्षति भएका जिल्ला जाजरकोट र पश्चिम नेपालमा पुर्ननिर्माणका लागि अत्यावश्यक सामाग्रीहरू नेपाल तरुण दललाई हस्तान्तरण गरेको छ । साथै महासंघको सूचना अनुसार प्रदेश महासंघ र जिल्ला संघहरूले पनि विविध सामाजिक कार्य गर्दै १६ औं राष्ट्रिय निर्माण दिवस मनाएका छन् ।

(रोशन दाहाल)
महासचिव